## भोजपुर नगरपालिकाको आ.व.२०७४।०७५ को वार्षिक नगर विकास योजना तर्जुमा गर्न तयार गरिएको मार्गदर्शन र योजना प्राथमिकिकरणका आधारहरू

## मार्गदर्शन

१. योजना तथा कार्यक्रम छनौट गर्दा दिगो विकास,गरिबी न्युनिकरण, वातावरण संरक्षण, समावेशी विकासमा सहयोग पुऱ्याउने र छोटो समयमा सम्पन्न भई वढी प्रतिफल दिने योजनाहरूलाई प्राथमिकता दिने

२. कम लगानीवाट वढी जनसंख्यालाई लाभ पुऱ्याउन सकिने तथा बढी जनसहभागीता प्राप्त गर्न सकिने योजनाहरूलाई प्राथमिकता दिने

३. योजना छनौट गर्दा महिला, दलित, पिछडा वर्ग, आदिवासी जनजाती, वालवालिका एवं विपन्न वर्गको सहभागीताको शुनिश्चितता गर्ने

४. पुर्वाधार तर्फ क्रमागत तथा निर्माणाधिन अधुरा योजनाहरूलाई सम्पन्न गरि संचालनमा ल्याउन सकिने कार्यक्रमलाई प्राथमिकता दिने

५. सरसफाई(खुल्ला दिसा मुक्त क्षेत्र घोषणा), जयवायु परिवर्तन अनुकुलन, वालमैत्री तथा वातावरण मैत्री स्थानीय शासनको प्रवर्द्धन, पोषण सुधार, विपद व्यवस्थापनलाई वडाले महत्व दिएको देखिने गरि योजना तथा कार्यक्रमहरू छनौट गर्ने

६. योजना छनौट गर्दा नया विकास निर्माणवाट विपद जोखिम वृद्धि हुन नदिने तर्फ विषेश सतर्कता अपनाउने

७. तेह्रौयोजना, आवधिक जिल्ला विकास योजनाले प्राथमिकता दिएका क्षेत्र र कार्यक्रमलाई प्राथमिकता दिने

८. स्थानीय साधन श्रोत तथा सीपवाट संचालन हुने योजना तथा कार्यक्रमहरूलाई प्राथमिकता दिने

९.सामाजिक परिचालनका माध्यमवाट पहिचान गरिएका कार्यक्रमहरूलाई विषेश प्राथमिकता दिने

१०. वडा नागरिक मन्चले आफ्नो वडा भित्रका समुदायहरूवाट प्राप्त योजना तथा कार्यक्रमको सुचीलाई समुहिकृत, एकिकृत र प्राथमिकिकरण गरि आर्थिक, सामाजिक तथा भौतिक पुर्वाधार तर्फको वजेट सिलिङवाट एउटा मात्र योजना र प्रवर्द्धनात्मक कार्यक्रम तर्फको वजेट सिलिङवाट एउटा योजना कम्तीमा ७५ हजार भन्दा कम नहुने गरि वढीमा ३ वटा योजनामा वजेट प्रस्ताव गरि नगरपालिका कार्यालयमा पेश गर्नु पर्ने छ ।

**योजना प्राथमिकिकरणका आधारहरू**

१. क्रमागत एवम् अधुरा रहेका कार्यक्रम वा आयोजनाहरू तथा थोरै रकममा मर्मत सम्भार गरि पुन: संचालनमा ल्याउन सकिने कार्यक्रम वा आयोजनाहरू

२. आवधिक नगर विकास योजना, आवधिक जिल्ला बिकास योजना, नगर यातायात गुरूयोजना र अन्य क्षेत्रगत आवधिक योजनाले निदिष्ट गरेका विषयहरू

३. सामाजिक परिचालनका माध्यमवाट पहिचान गरिएका लक्षित समुहका मागलाइ सम्बोधन गरिने विषयहरू

४. स्थानीय श्रोत साधन, श्रम, शीप र प्रविधि प्रयोग हुने प्रकृतिका तथा तत्काल रोजगार श्रृजना गर्ने एवम् आय आर्जनमा बढावा दिने विषयहरू

५.प्रतिष्पर्धात्मक तथा तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन हुने कृषि, गैर कृषि र सेवा क्षेत्रका कार्यक्रम वा आयोजनाहरू

६. स्थानीय निकायको आन्तरिक आय वृद्धि हुने कार्यक्रमहरू

७. समान प्रकृतिका आयोजनाहरू मध्ये वढी जनसहभागीता एवम् लागत सहभागीता जुटाउन सकिने आयोजनाहरू

८ व्यक्तिगत घटना दर्तावाट प्राप्त जनसांख्यिकीय स्थितीलाई आधार मानी शिक्षा, स्वास्थ्य तथा पोषणसंग सम्वन्धित आयोजनाहरू.